फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या :-०७६/७७
च.नं. :-

मितिः- २०७७/०३/०१

## सवारी पास सम्बन्धी सूचना ।

अत्यावश्यक कार्यमा काठमाडौं उपत्यका प्रवेशका लागि गन्तव्य जिल्ला प्रशासन कार्यालय एवं सम्बन्धित स्थानीय तहको लिखित सहमति सहित सम्बन्धित व्यक्तिको आवेदन गृह मन्त्रालयमा पठाउने र मन्त्रालयको स्वीकृति नम्बर खुलाई मात्र सवारी पास जारी गर्ने भनी श्री गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा समारोह व्यवस्थापन शाखाको च.नं.६११, मिति २०७७-०२-३२ को पत्रबाट लेखी आएको सम्बन्धमा अत्यावश्यक कामका लागि उपत्यका प्रवेशको सवारी पास माग गर्नुहुने महानुभावहरूले निवेदनसाथ गन्तव्य जिल्ला प्रशासन कार्यालय एवं सम्बन्धित स्थानीय तहको लिखित सहमति संलग्न गरी आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, तपशील बमोजिमका व्यक्तिहरूको हकमा उपत्यका प्रवेशका लागि गन्तव्य जिल्ला प्रशासन कार्यालय एवं सम्बन्धित स्थानीय तहको लिखित सहमति आवश्यक नपर्ने ।

**तपशीलः-**

- आफै काजकिरिया बस्न जाने र काजकिरिया गरेर फर्कने,
- अस्पतालबाट रेफर गरिएका जिल्लामा उपचार हुन नसकेका सिकिस्त बिरामी, चालक, कुरुवा एक जना सहित ३ जनासम्म,
- प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश सभा सदस्य (प्रदेश सभा सदस्यलाई सम्बन्धित प्रदेश भित्र मात्रै),
- काठमाडौं उपत्यका भित्र सरुवा भई रमाना लिई हाजिर हुन जाने कर्मचारी,
- काठमाडौं उपत्यकाभित्र मन्त्रालय/विभाग/कार्यालयमा कार्यरत रही विदा वा काजमा भएका, तर हाजिर हुन जाने उक्त कार्यालयले सूचना गरेबमोजिमका कर्मचारीहरू,
- हवाई उडान टिकट सुनिश्चित भइसकेका विदेश जानुपर्ने विदेशी वा नेपाली नागरिकको हकमा टिकट सूचिमा नाम उल्लेख भए अनुसारका व्यक्तिहरू,
- औषधी तथा राहत सामग्री ढुवानी गर्ने प्रयोजनका लागि उपत्यका प्रवेश गर्ने सवारी साधनका हकमा औषधी तथा राहत सामग्री र चालक सहित बढीमा २ जनासम्म ।